AMNESTY INTERNATIONAL

एम्नेस्टी इन्टरनेसनल नेपाल

AMNESTY INTERNATIONAL NEPAL SECTION

## नोमिनेसन कमिटि सदस्य

**एम्नेस्टी इन्टरनेसनल नेपालको नोमिनेसन कमिटिको सदस्य वा संयोजक हुनका लागि देहायका ज्ञान, शीप र दक्षता तथा योग्यता भएको हुनुपर्नेछ ।**

### ज्ञान

१. मानवअधिकारसम्बन्धी कानुन, सिद्धान्त र अभ्यासका बारेमा विस्तृत ज्ञान भएको,
२. एम्नेस्टी इन्टरनेसनलको सङ्गठनात्मक संरचना र यसको कार्यशैली, सदस्यता प्रणाली र प्रमुख मानवअधिकार अभियानका बारेमा जानकार भएको,
३. एम्नेस्टी इन्टरनेसनल नेपाल, यसको सङ्गठनात्मक संरचना, कार्यशैली, सदस्यता प्रणाली र प्रमुख मानवअधिकार अभियानका बारेमा जानकार भएको,
४. साङ्गठनिक व्यवस्थापन र नेतृत्व विकाससम्बन्धी जानकार भएको,
५. नेपालको भौगोलिक र जानसाङ्ख्यिक विविधताका बारेमा जानकार भएको,
६. नेपालको संविधान र ऐन कानुनका आधारभूत कुराहरूको बारेमा जानकार भएको,

### शीप र अनुभव

७. नेतृत्व विकास र व्यवस्थापनसम्बन्धी गतिविधिहरूमा कम्तिमा ७ वर्ष संलग्न रहेको तथा काम गरेको,
८. मानवअधिकारका क्षेत्रमा कम्तिमा १० वर्ष काम गरेको,
९. व्यक्तित्व पहिचान गरी व्यक्ति विशेषका अन्तर्निहित क्षमता र दक्षताहरूको मूल्याङ्कन गरी सोको बारेमा निर्णय गर्न सक्ने क्षमता भएको,
१०.एम्नेस्टी नेपालको रणनीतिक लक्ष र कार्यदिशाका बारेमा स्पष्ट बुझाइ भएको,

### अन्य योग्यता

१२. कुनै पनि फौजदारी अभियोगमा कैद सजाय पाएको, कुनै मानवअधिकार प्रतिकूल विषयवस्तुमा मुछिएको, भ्रष्टाचारसम्बन्धी आरोप लागी प्रमाणित भएको, वा अन्य कुनै नैतिक पतन हुने गतिविधिहरूमा संलग्न भएको प्रमाणित भएको र एम्नेस्टी अभियानविरुद्ध लागेको व्यक्ति नोमिनेसन कमिटिका लागि अयोग्य हुनेछ ।